# जग्गा भाडा सम्बन्धि सिलबन्दि दरभाउ पत्र फाराम

**<u>पेश गर्ने</u>**

नामः

ठेगानाः

छापः

मितिः

कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
सुन्दरपुर, कञ्चनपुर

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत

भाग-१

## पृष्ठभूमि

सुदूरश्चिम प्रदेश अन्तरगत रहेका ९ वटा जिल्लाका कृषक, कृषि प्राविधिक तथा कृषि पेशासँग सरोकार राख्ने ब्यक्तिहरुको ज्ञान, धारणा र सीपमा सकारात्मक परिवर्तन ल्याउन सहज वातावरणको निर्माण होस् भन्ने उद्देश्य अनुरुप स्थापनाभएकोहो। यो केन्द्र कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगर देखि पूर्व बेदकोट नगरपालिकाको लालपुरसम्म ५ कि.मि. र महेन्द्रराजमार्गको लालपुर देखि ३ कि.मि. दक्षिण (नहरको किनार पक्की बाटो भएको) वेदकोट नगरपालिका वा.नं. ९ को सुन्दरपुर गाँउमा अवस्थित छ ।

यो तालिम केन्द्र रहेको परिसरको कुल २३.८ हेक्टर क्षेत्रफल मध्ये ८.८ हेक्टरमा कार्यालय भवन आवास, सडक, थ्रेसिंग फ्लोर, ग्यारेज तथा गोदाम घर का साथै बीउ बिजन प्रयोगशाला, माटो तथा मल परिक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशालाका साथै कृषि बिकास फार्मका भवनहरु रहेका छन् भने खेतियोग्य १५ हेक्टर क्षेत्रफलमा हाल कृषि बिकास फर्मले बीउ उत्पादनको कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस केन्द्र ले २०७७ साल मंसिर देखि पुनर्वास-०३ स्थित राष्ट्रिय आवास कम्पनी लिमिटेडको ७४ विघा भनिने जमीनमा कृषि अनुसन्धान, कृषि प्रसार तथा कृषि शिक्षा कार्यक्रम समेत शुरु गरेको छ। यस जमिनमा कृषि अनुसन्धान को कार्य क्षेत्रिय कृषि अनुसन्धान निर्देशनालय, भागेतडा, डोटीले र बीउ उत्पादनको कार्य यस केन्द्रले संचालन गर्ने गरि विगत २ बर्ष देखि कार्यक्रम संचालन भैरहेको छ।

यसै अन्तर्गत यस आ.ब को बर्खे सिजन देखि उक्त जग्गाको केहि भाग व्यवसायिक विउ उत्पादनका लागि ईच्छुक कृषि सहकारी संस्था /कृषि समुह / फर्म/ बिउ उत्पादक कम्पनिहरुलाई भाडामा दिन मिति २०८१।०२।०९ गते ईच्छुक आबेदन कर्ताहरुका लागि यो सुचना प्रकाशन गरिएको हो ।

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत

**दरभाउ पत्रसाथ पेश गर्नु पर्ने कागजात हरु:**

१.निवेदन

२.संस्था दर्ताप्रमाण पत्रको प्रतिलिपि र बीउ विजन विक्रेता अनुमतिपत्रको प्रतिलिपि

३. आबेदन कर्ताको करचुक्ता प्रमाणपत्र को प्रतिलिपि

४.पूर्ण रुपले भरिएको सिलबन्दि दरभाउ पत्र फारम

५. 'क' बर्गको बाणिज्य बैंक बाट जारी भएको बैंक ग्यारेन्टि वा कार्यलयको नाममा धरौटि जम्मा गरेको भौचर (कबोल गरेको रकमको ५% रकम)

**भाग-२**

**शर्तहरु**

यो सिलबन्दि बढाबढ दरभाउ पत्र बमोजिम ईच्छुक आबेदन कर्ताहरुले निम्न शर्तहरु पालना गर्नुपर्नेछ ।

**क.** आवेदन कर्ता नेपालको प्रचलित कानुन बमोजिम दर्ता भएको तथा बीउ बिजनको कारोवार गर्न योग्य कानुनी उपक्रम (Legal entity) हुनुपर्नेछ ।

**ख.** आवेदनकर्ता प्रचलित कानुन बमोजिम कर चुक्ता गरेको हुनुपर्नेछ र प्रचलित कानुन बमोजिम कुनै पनि किसिमले यस प्रक्रियामा सहभागि हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**ग.** आवेदन कर्ताले यस सुचना बमोजिम भाडामा राखिएको सबै वा कुनै एक ब्लक मात्र भाडामा सिलबन्दि दरभाउपत्र पेश गर्न सक्नेछ। तर एकै ब्लक भित्रको आंशिक जग्गाका लागि आवेदन पेश गर्न सकिने छैन ।

**घ.** ईच्छुक आवेदनकर्ताहरुले यस सुचना बमोजिम भाडामा दिईने जग्गाको स्थलगत निरिक्षण गर्न सक्नेछन् । सो का लागि मिति २०८१/०२/१० देखि

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत

२०८१/०२/११ गते  सम्म कार्यालय समयमा पुनर्वास ५ स्थित यस कार्यालयका कर्मचारिहरुले सहजिकरण गर्नेछन् ।

ङ. आवेदनकर्ताले दरभाउपत्रमा कबोल गरेको रकम स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ ।

च. सिलबन्दि दरभाउपत्र २०८१/०२/१६ गते दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ । समय भन्दा ढिलो गरि आएको दरभाउपत्र कुनै पनि हालतमा स्विकार्य हुनेछैन ।

छ. यो सूचना वमोजिम आवेदन कर्ताहरुले आफूले गरेको कुल बोल कबोल रकम को ५% ले हुन आउने रकम धरौटी स्वरुप 'क' वर्गको वाणिज्य वैंक वाट जारी भएको वैक ग्यारेन्टी वा नगदै प्रदेश लेखा इकाई कार्यालय कंचनपुरको एकल धरौटी खाता नं. ४१८०१००२०२०३०००० मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ ।

ज. सिलबन्दि दरभाउपत्र खोल्ने कार्य मिति २०८१/०२/१६ गते दिउँसो २:०० बजे गरिनेछ ।

झ. यस कार्यालयबाट यस सुचना  बमोजिमको बढाबढमा सम्बन्धित ब्लकका लागि उच्चतम रकम कबोल गर्ने आवेदनर्तालाई छनौट गरिनेछ । कबोल गरेको कुल रकमको ५० प्रतिशत यस कार्यालयको राजश्व खातामा जम्मा गरि सक्कल भौचर सहित सात (७) दिन भित्र सम्झौता गर्न आउन सुचना प्रकाशन गरिनेछ ।उक्त सुचना बमोजिम छनौट भएको आवेदनकर्ता सम्झौता गर्न नआएमा उक्त आवेदनकर्ताको धरौटि रकम जफत गरि सो भन्दा पछिको बढाबढ रकम कबोलकर्ता सँग केन्द्रले सम्झौता प्रक्रिया अगाढी बढाउनेछ ।

ञ. यस केन्द्र सँग खरिद सम्झौता भईसके पश्चात सम्झौता भएको जग्गामा खेती व्यबस्थापन र सुरक्षा गर्ने जिम्मेवारि सम्बन्धित आवेदन कर्ताको हुनेछ । खेती कार्य गर्दा आवेदन कर्तले सो स्थानमा रहेको यस कार्यालको भौतिक संरचना, सिंचाई सुविधा तथा मेशिनरि औजार प्रयोग गर्न पाउनेछन।

प्रदेश सरकार
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
सुन्दरपुर, कञ्चनपुर

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत

ट. आवेदन कर्ताले सम्बन्धित जग्गा भएको स्थानमा कुनै पनि भौतिक निर्माणका कार्य गर्न पाउने छैन ।

ठ. यस फाराममा उल्लेख नभएका विषयमा स्पष्ट हुनका लागि खरिदकर्ताहरुले आफ्ना जिज्ञाशा यस केन्द्रको ईमेलः ratc.sundarpur@gmail.com मा मिति २०८१/०२/११ गते कार्यालय समय भित्र पठाईसक्नु पर्नेछ। सम्बन्धित जिज्ञाशाहरुको प्रतिक्रिया यस कार्यालयको वेवसाईटमा मिति २०८१/०२/१२ मा राखि जानकारि गरिनेछ।


ड. यस फारामको हरेक पानामा आबेदन कर्ताले हस्ताक्षर र छाप लगाई पेश गर्नुपर्नेछ ।

ढ. यस प्रक्रिया सँग सम्बन्धित यस फाराममा उल्लेख नभएका कुराहरु प्रचलित कानुनमा उल्लेख भएको हकमा सो बमोजिम र अन्यका हकमा कार्यालयको निर्णय बमोजिम हुनेछन् ।

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत


## भाग-३ भाडामा दिईने जग्गाको नक्सा तथा लेआउट

पुनर्बास नगरपलिका-०३/०५, कंचनपुर स्थित राष्ट्रिय आबास कम्पनी लिमिटेडको ७४ बिघा भनिने जग्गाको फिल्ड लेआउट




नोटः ↑ indicate motor pump location and west direction

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत




फोटोः जग्गाको गूगल फोटो (श्रोतः google map)

Notes: 🔴 indicate deep tube well inserted location

△ Indicate residence/go-down location

⬅ Indicate Hulaki sadak toward Bealuri **(west direction)**

Play means playground

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत

भाग-४ दरभाउपत्र फाराम

| जग्गाको ब्लक | अनुमानित क्षेत्रफल (बिघा) | न्यूनतम बोल कबोल रकम ( रु) | बढाबढ कवोल गरिएको रकम (रु.अंकमा) | बढाबढ कवोल गरिएको रकम (रु.अक्षरमा) |
|---|---|---|---|---|
| A | ९.५ | ३,३२,५००/- | | |
| B | ५.५ | १,९२,५००/- | | |
| C | ६ | २,१०,०००/- | | |
| D | ४ | १,४०,०००/- | | |
| E | ५ | १,७५,०००/- | | |
| F | ४ | १,४०,०००/- | | |
| G | ७ | २,४५,०००/- | | |
| H | ४ | १,४०,०००/- | | |
| I | ४.५ | १,५७,५००/- | | |
| जम्मा | ४९.५ | १७,३२,५००/- | | |

पेश गर्नेको नाम:

ठेगाना :

दस्तखत:

छाप:

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत